नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान**
बुटवल, रुपन्देही

फोन नं. ०७१-५४०१३८

पत्र संख्या :-०७९/०८०
च.नं. :- ९३

मिति :-२०७९/०४/११

**विषय : प्रशिक्षकको सूची (Roster) सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस प्रतिष्ठानद्धारा आ.व. २०७९।०८० मा संचालन गरिने देहायका सीपमूलक तालिमको लागि संचालन गर्न प्रशिक्षक आवश्यक भएकोले व्यावसायिक तथा सीप विकास तालिम संचालन निर्देशिका २०७७ को दफा १८ मा भएको व्यवस्था बमोजिम प्रशिक्षकको सूची तयार गर्ने प्रयोजनका लागि सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश भइ प्रतिष्ठानले तोकेको समय र स्थानमा प्रशिक्षण सेवा उपलब्ध गराउन ईच्छुक तोकिएको योग्यता र अनुभव भएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचामा दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम प्रतिष्ठानबाट उपलब्ध हुने र प्रतिष्ठानको वेव साईट www.vstbutwal.gov.np मा समेत राखिएको छ ।

| क्र.सं. | तालिमका विषय | क्र.सं. | तालिमका विषय |
|---|---|---|---|
| १ | कम्प्युटर रिपेयरिङ एण्ड मेन्टेनेन्स | ६ | उद्यमशिलता विकास |
| २ | कम्प्यूटर अपरेटर | ७ | केयर गिभर |
| ३ | कटाइ सिलाई | ८ | हलुका सवारीचालक |
| ४ | व्यूटी पार्लर | ९ | हाउस वायरिङ |
| ५ | एकाउन्ट एप्लिकेशन अपरेशन | १० | सेक्युरिटी गार्ड |

१. प्रशिक्षकको लागि चाहिने योग्यता र अनुभव सम्बन्धि विवरण :

| सि.नं. | पद र नाम | शैक्षिक योग्यता |
|---|---|---|
| क | प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था / विश्वविद्यालयबाट स्नातक तह उर्त्तिण गरी शिक्षण/ प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र/डिप्लोमा तह उत्तिर्ण गरेको शिक्षण/ प्रशिक्षण तालिम लिएको र कम्तिमा ५ वर्षको कार्यअनुभव भएको वा सम्बिन्धित विषयमा सीप तह ३ उत्तिर्ण गरी ५ वर्षको कार्य अनुभव भएको । |
| ख | सहायक प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र/डिप्लोमा तह उर्त्तिण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह ३ उर्त्तिण भएको वा प्राविधिक एस.एल.सी. वा सीप तह २ उर्त्तिण गरी ३ वर्षको कार्य अनुभव भएको । |
| ग | प्रशिक्षण सहायक | सम्बन्धित विषयमा प्र-विधिक एस.एल.सी. उर्त्तिण वा सीप तह २ उर्त्तिण गरी शिक्षण प्रशिक्षणको तालिम लिएको |

२. उद्यमशिलता विकास तालिमको लागि प्रशिक्षक सूचीमा राख्दा पाठ्यक्रममा उल्लेखित सम्बन्धित विषयमा स्नातक उपाधी हासिल गरी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

द्रष्टव्य :

१. दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित तालिमको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र र अनुभावलाई प्रमाणित गर्ने कागजातहरुका प्रतिलिपीहरु संलग्न गरी ती प्रतिलिपीहरुको पृष्ठ भागमा व्यक्ति स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनी दस्तखत गरी तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ ।

२. तोकिएको योग्यता पुग्ने भए एक भन्दा बढी विषयमा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ । त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ ।

३. योग्यता पुगेका प्रशिक्षकहरुको सूची तयार गरी प्रतिष्ठानको वेवसाईट र सूचनापाटीमा टाँस गरिने छ । साथै तालिम संचालन गर्ने/नगर्ने वा कति संख्यामा संचालन गर्ने भन्ने अन्तिम निर्णय प्रतिष्ठानले गर्ने हुँदा आवश्यक बाहेकका सबै सूचीकृत व्यक्तिहरुलाइ नियुक्ति गर्न प्रतिष्ठान बाध्य हुने छैन ।

शाखा अधिकृत